**आकाशवाणी समाचार- नेपाली**

मितिः ३० सितम्बर २०२५

समयः ०७.२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

१. राष्ट्रपति द्रौपदी मुर्मुले दुर्गा पूजाको अवसरमा भारत र विदेशमा रहेका सबै भारतीयहरूलाई शुभकामना व्यक्त गर्नु भएको छ।

२. नयाँ दिल्लीमा विदेश सचिव विक्रम मिश्रीले भुटानी विदेश सचिव ओम पेमा चोडेनसँग द्विपक्षीय सम्बन्धको सम्पूर्ण पक्षको समीक्षा र सहयोगका सबै प्रमुख क्षेत्रहरूमा प्रगतिको बारेमा विचार-विमर्श गर्नुभयो।

३. रक्षामन्त्री राजनाथ सिंहले हिजो अवकाशपछि पनि राष्ट्र निर्माणमा योगदान पुऱ्याएकोमा पूर्व सैनिकहरूलाई सम्मान गर्नुभएको छ।

४. विदेशमन्त्री डा. एस. जयशंकरले हिजो न्यूयोर्कमा क्यानडाका विदेशमन्त्री अनिता आनन्दसँग भेटवार्ता गर्नु भयो। यो भेट दुई देशबीचको सम्बन्ध पुनर्निर्माणको दिशामा एक महत्वपूर्ण कदम हो।

५. आइसीसी महिला एकदिवसीय विश्वकप २०२५ आज आयोजक भारत र श्रीलंकाबीच गुवाहाटीमा सुरु हुँदैछ।

**राष्ट्रपति - दुर्गा पूजा**

राष्ट्रपति द्रौपदी मुर्मुले दुर्गा पूजाको अवसरमा भारत र विदेशमा रहेका सबै भारतीयहरूलाई शुभकामना व्यक्त गर्नु भएको छ। आफ्नो सन्देशमा राष्ट्रपतिले दुर्गा पूजाको पवित्र पर्व हाम्रो संस्कृति, आस्था र आध्यात्मिक सम्पदाको प्रतीक भएको बताउनु भएको छ। उहाँले भन्नु भयो, देवी दुर्गाका नौ रूपहरूको पूजा गर्नाले आध्यात्मिक शुद्धीकरण मात्र हुँदैन तर सत्य, न्याय र करुणाका साथ अगाडि बढ्न पनि प्रेरित गर्छ। राष्ट्रपतिले भन्नु भयो, यो पर्वले समानता, सहिष्णुता र प्रेमको भावनालाई बढावा दिन्छ। यस शुभ अवसरमा उहाँले सबैलाई महिलाको सम्मान र समाजमा उनीहरूको उचित स्थान सुनिश्चित गर्न हरसम्भव प्रयास गर्ने प्रतिज्ञा गर्न आग्रह गर्नु भयो। उहाँले देवी दुर्गालाई सबैलाई बुद्धि, साहस, सुख र समृद्धि प्रदान गर्न प्रार्थना गर्नु भयो।

**भारत-भुटान-विदेश मन्त्रालय**

विदेश सचिव विक्रम मिश्रीले हिजो नयाँ दिल्लीमा भुटानी विदेश सचिव ओम पेमा चोडेनसँग विचार-विमर्श गर्नुभयो। दुई पक्षले द्विपक्षीय सम्बन्धको सम्पूर्ण पक्षको समीक्षा गरे र सहयोगका सबै प्रमुख क्षेत्रहरूमा प्रगतिको बारेमा छलफल गरे। बैठकको क्रममा भारत र भुटानबीच रेलवे कनेक्टिभिटी स्थापना गर्न अन्तर-सरकारी समझदारी पत्र (एमओयू) मा हस्ताक्षर गरियो। एमओयूले कोक्राझार र गेलेफु र बनरहाट र सामत्सेलाई जोड्ने पहिलो सीमापार रेल लिंक स्थापना गर्ने परिकल्पना गर्दछ। यी परियोजनाहरू दुई देशहरूबीच कनेक्टिभिटी बढाउने व्यापक प्रयासहरूको हिस्सा हुन्। यसले आर्थिक र जनता-जनता सम्बन्धलाई बलियो बनाउनेछन्। एक हजार बीस मेगावाटको पुनत्साङ्चु-II जलविद्युत परियोजनाका सबै छवटा एकाइहरूको सफल सञ्चालनलाई स्वागत गरिएको छ। यो परियोजनाले ऊर्जा साझेदारीमा भारत-भुटान संयुक्त दृष्टिकोणलाई साकार पार्न एक प्रमुख उपलब्धि हो।

**राजनाथ सिंह - पूर्व सैनिक**

रक्षामन्त्री राजनाथ सिंहले हिजो अवकाशपछि पनि राष्ट्र निर्माणमा योगदान पुऱ्याएकोमा पूर्व सैनिकहरूलाई सम्मान गर्नुभएको छ। नयाँ दिल्लीमा "विकसित भारत र पूर्व सैनिकहरूको कल्याण" सम्बन्धी पहिलो राष्ट्रिय सम्मेलनमा बोल्नु हुँदै श्री सिंहले भन्नु भयो, पूर्व सैनिकहरूले राष्ट्रिय सेवाको भावनामार्फत सीमा मात्र नभई देशको आगामी पुस्तालाई पनि समृद्ध बनाइरहेका

छन्। कार्यक्रममा रक्षा प्रमुख जनरल अनिल चौहान र सेना प्रमुख जनरल उपेन्द्र द्विवेदी पनि उपस्थित थिए।दुई दिने राष्ट्रिय सम्मेलन रक्षा मन्त्रालय अन्तर्गत पूर्व सैनिकहरूको कल्याण विभागद्वारा आयोजना गरिएको हो। सम्मेलनको उद्देश्य देशका पूर्व सैनिकहरूको कल्याण र पुनर्स्थापनाको लागि राष्ट्रव्यापी प्रयासहरूलाई तीव्र पार्नु हो। देशभरका विभिन्न राज्य र जिल्ला पूर्व सैनिक बोर्डका प्रतिनिधिहरू यस कार्यक्रममा सहभागी भइरहेका छन्।

**जल शक्ति बैठक**

जल शक्ति मन्त्री सी.आर. पाटिलले, 'गंगाको संरक्षण भारतको सांस्कृतिक विरासत, आस्था र लाखौँ मानिसको जीवनरेखासित जोडिएको बताउनु भएको छ। श्री पाटिलले हिजो नयाँ दिल्लीमा गंगा पुनरुद्धार कार्यदलको 16औँ बैठकको अध्यक्षता गर्नुभयो। श्री पाटिलले भन्नुभयो, गत वर्षमा टास्क फोर्सले उठाएका मुद्दाहरू मध्ये लगभग 80 प्रतिशत सफलतापूर्वक समाधान गरिएको छ। यी कार्यहरूले गङ्गा पुनरुत्थानका लागि बलियो आधार सिर्जना गरिरहेको उहाँले भन्नुभयो। यसले विभिन्न क्षेत्रहरूमा प्रयासहरू मार्फत गंगा र यसका सहायक नदीहरूका लागि एक समग्र ढाँचा सिर्जना गर्दैछ। श्री पाटिलले सबै गंगा बेसिन राज्यहरूलाई केन्द्रीय जल आयोगको तकनीकी दिशानिर्देशहरू लागू गर्न आग्रह गर्नुभयो। यस बैठकमा राष्ट्रिय स्वच्छ गंगा मिशन र सहभागी राज्यहरूका वरिष्ठ अधिकारीहरूका साथै विभिन्न मन्त्रालयहरू र राज्य सरकारहरूका प्रमुख हितधारकहरू पनि उपस्थित थिए।

**करूर भागदौड- टीवीके गिरफ्तार**

पार्टी अध्यक्षको र्‍यालीमा भएको भागदौडको सम्बन्धमा अभिनेता-राजनीतिज्ञ विजयको नेतृत्वमा रहेको तमिलगा भेत्री कझगमका करुर पश्चिम जिल्ला सचिवलाई पक्राउ गरिएको छ। शनिबारको भागदौडको सम्बन्धमा दर्ता गरिएको एफआईआरमा नाम दिइएका तीन टीवीके अधिकारीहरूमध्ये करुर पश्चिम जिल्ला सचिव वी.पी. मथैयालागन पनि छन्, जसको नाम एफआईआरमा उल्लेख छ, जसमा कम्तिमा ४१ जनाको मृत्यु भएको थियो र ६० जना घाइते भएका थिए। टीवीके राज्य महासचिव बस्सी आनन्द र उपमहासचिव निर्मल कुमार एफआईआरमा नाम दिइएका अन्य दुई पार्टी अधिकारी हुन्।

**जयशंकर, क्यानडाका विदेशमन्त्रीसँग भेटवार्ता**

विदेशमन्त्री डा. एस. जयशंकरले हिजो न्यूयोर्कमा क्यानडाका विदेशमन्त्री अनिता आनन्दसँग भेटवार्ता गर्नु भयो। यो भेट दुई देशबीचको सम्बन्ध पुनर्निर्माणको दिशामा एक महत्वपूर्ण कदम हो। डा. जयशंकरले हालै उच्चायुक्तहरूको नियुक्तिलाई स्वागत गर्नु हुँदै यसलाई कूटनीतिक सम्बन्ध सुदृढ पार्ने दिशामा स्वागतयोग्य कदम भन्नु भएको छ। यो भेट ८० औं संयुक्त राष्ट्र महासभा सत्रमा डा. जयशंकरको उच्चस्तरीय सहभागिताको एक हिस्सा हो, जहाँ उहाँ बहुपक्षीय र द्विपक्षीय बैठकहरूमा भाग लिइरहनु भएको छ। यसअघि डा. जयशंकरले संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेस र साउदी अरेबियाका विदेशमन्त्री राजकुमार फैसल बिन फरहानसँग पनि भेटवार्ता गर्नु भएको थियो।

**सेवा पर्व - राष्ट्रिय शिक्षा नीति २०२०**

प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा सरकार सेवा र सुशासनको मन्त्रमा आधारित परिवर्तन र प्रगति ल्याउन अथक प्रयास गरिरहेको छ। यस विशेष श्रृंखला - 'सेवा पर्व' मा, हामी मोदी सरकारले राष्ट्रिय शिक्षा नीति २०२० मार्फत भारतको लागि आधुनिक, समावेशी र भविष्यका लागि तयार शिक्षा प्रणाली कसरी निर्माण गरिरहेको छ भन्ने कुरा साझा गर्दैछौं।

**बाइट**

**गान्धीको मूर्ति तोडफोडको निन्दा**

भारतीय उच्चायोगले लन्डनको ट्याभिस्टक स्क्वायरमा रहेको महात्मा गान्धीको मूर्तिमा भएको तोडफोडको कडा निन्दा गरेको छ। यो घटना गान्धी जयन्ती मनाउनुभन्दा केही दिन अघि भएको थियो।

**महिला विश्वकप २०२५**

आइसीसी महिला एकदिवसीय विश्वकप २०२५ आज आयोजक भारत र श्रीलंकाबीच गुवाहाटीको बरसापारा क्रिकेट स्टेडियममा सुरु हुँदैछ। खेल दिउँसो ३ बजे सुरु हुनेछ। भारतीय महिला क्रिकेट टोलीले आफ्नो पहिलो अन्तर्राष्ट्रिय क्रिकेट उपाधिको लागि ४७ वर्षको पर्खाइ समाप्त गर्ने प्रयास गर्नेछ।